राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

# राष्ट्रिय वाणिज्य बैंक लि.

केन्द्रीय कार्यालय

सामान्य सेवा विभाग

## ५० थान Automated Teller Machine (ATM) खरिद सम्बन्धी राष्ट्रिय स्तरको बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः२०७२/०३/०६

यस बैंकको लागि आवश्यक **५०** थान **Automated Teller Machine (ATM)** बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हूंदा उक्त सामान आपूर्ति गर्नसक्ने ईच्छूक फर्म/कम्पनी/अधिकृत बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही तोकिएको म्यादभित्र बोलपत्र पेश गर्न हून यो सूचना प्रकाशित गरिएको छ ।

१. यस बैंकको थापाथली स्थित शाखा कार्यालयमा आम्दानी अन्य शीर्षकको हिसाब नं ९५९९०२००० मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु. **३,०००/-**(अक्षरेपी रु.तीन हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर विभागमा पेश गरेपछि **५० थान Automated Teller Machine (ATM)** खरिद सम्बन्धी बोलपत्र कागजात प्राप्त गर्न सकिनेछ । बोलपत्र कागजात यो सूचना प्रथम पटक प्रकासित भएको मितिले **३०औं** दिन अर्थात **श्रावण ४,२०७२** को कार्यालय समयभित्र खरिद गरिसक्नु पर्नेछ र **३१ औं** दिन अर्थात **श्रावण ५,२०७२** दिनको **१२:००बजे** सम्ममा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ सोही दिन दिनको **२:००बजे** बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३. बोलपत्रसाथ **फर्म/कम्पनी दर्ता**, **VAT दर्ता** एवम पछिल्लो आर्थिक वर्षको **कर चुक्ता प्रमाणपत्रहरु** नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि पेश गर्नुपर्नेछ । कम्पनी (प्रा.लि./लि.)को हकमा **प्रवन्धपत्र**, **नियमावली**, **अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेष्ता**, **साझेदार,सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र**हरुको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र कागजातका साथ पेश गर्नुपर्नेछ । विगत तीन आर्थिक वर्षको लेखा परीक्षण गरिएको **नाफा नोक्सान, नगद प्रवाह** तथा **वासलात**को विवरण समेत नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको,स्वार्थ नबाँझिएको र पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा **स्वयम घोषणा गरिएको पत्र (Self Declaration letter)** समेत पेश गर्नु पर्नेछ ।

४. बोलपत्रदाता**Authorized agent/dealer/supplier** भएको खण्डमा बोलपत्रदातालाई निर्माता कम्पनीले प्रदान गरेको **agent/dealer/supplier** को **Authorized certificate(आधिकारीक पत्र)** को सक्कल प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । प्रस्तावित सामानको **Manufacturing Company**ले जारी गरेको **Original Catalogue/Brochure,technical manual & installation manual** समेत बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

५. बोलपत्रदाताले विगत **३ वर्ष** भित्रमा **वित्तीय संघ संस्थाहरुमा** कम्तीमा **५०** वटा **ATM** मेशिनहरु जडान तथा आपूर्ति गरेको हुनु पर्नेछ । सो को विस्तृत विवरण समेत बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. **कम्पनीको** हकमा बोलपत्रमा सहभागी हुन तथा सो सम्बन्धी सम्पूर्ण कामकारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको **सञ्चालक समितिको निर्णय** अनिवार्य रुपमा बोलपत्रका साथ पेश गर्नुपर्नेछ । **साझेदारी फर्मको** हकमा साझेदारहरु बीच बोलपत्रमा सहभागी हुन जनाएको सहमति पत्रका साथै बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ

७. आपुर्ति तथा जडान गरिनुपर्ने ATM मेशिन को विवरण **प्याकेज A** तथा **B** मा बिभाजित गरिएका छन् । बोलपत्रदाताले कुनै एक प्याकेजको लागि मात्रै वा सम्पूर्ण प्याकेजहरुको लागि बोलपत्रमा दरभाउ पेश गर्न सक्नेछन् । तर प्याकेजमा उल्लेखित सबै आईटमहरुको दरभाउ अनिवार्य रुपमा कोट गर्नुपर्नेछ अन्यथा मूल्याकंनमा समावेश गरिने छैन । बोलपत्रको मूल्याकंन प्रत्येक प्याकेजको लागि छुट्टाछुट्टै गरिनेछ । खरिद गरिएका बोलपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा बोलपत्रदाता आफैले वा बोलपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ ।

८. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको भ्याट सहितको कुल रकमको **५%** बराबरको बोलपत्र जमानत वापतको रकम बैंकको अर्नेष्ट मनी शीर्षकको हिसाव नं **१६१२००००** मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तीमा **१२० दिन** अवधिको बोलपत्र जमानत (बिड सेक्यूरिटी/बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि ९० दिनको हुनेछ ।

९. बोलपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुंदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०. स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नु अघि **३** वर्ष वारेन्टी अवधिको लागि कबोल गरिएको **ATM**को कुल रकमको **१०%**बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट जारी भएको बैंक जमानत (परफमेन्स बण्ड)पेश गरेपछि मात्र सम्झौता गरी खरिद आदेश दिइनेछ । यसका साथै ३वर्ष वारेन्टी अवधि व्यतीत भए पश्चातको थप ३ वर्ष अवधिको **AMC** को लागि कबोल गरिएको कुल रकमको १०% बराबरको रकमको बैंक जमानत (परफमेन्स बण्ड) वारेन्टी अवधि सकिन दुई महिना अगावै पेश गर्नु पर्नेछ ।

११. नेपाल सरकारको नियमानुसार लाग्ने कर, **रिटेन्शन मनी (१०%)** तथा अन्य प्रचलित कर समेत बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ । रिटेन्शन वापत कट्टा गरेको रकम फिर्ता सम्बन्धमा वैंकको आर्थिक प्रशासन विनियमावली२०६८ अनुरुप हुनेछ र कर बापतको रकम राजश्व खातामा जम्मा गरिनेछ ।

१२.यो सूचनामा छुट हुन गएका अन्य शर्त एव विषयहरु बोलपत्र कागजातमा उल्लेख भएअनुसार,खरिद ऐन२०६३ तथा बैंकको आर्थिक प्रशासन विनियमावली२०६८ अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालयसमयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१३)**e-bidding को माध्यमबाट पनि बोलपत्र पेश गर्न सकिने सम्बन्धमा**

क)e-biddingको माध्यमबाट बोलपत्र पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.npमा **bidder**को रुपमा **registration** गरी सो पोर्टलको **home page** मा **bidder**को रुपमा **login** गरी प्राप्त निर्देशनानुसार बोलपत्रदाताले बोलपत्रमा भाग लिन सकिनेछ ।

ख)e-bidding को माध्यमबाट पनि बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु तथा बोलपत्र फाराम वापत तिरेको दस्तुर भौचर समेत scan गरी pdf formatमा www.bolpatra.gov.np को सम्बन्धित पेजमा upload गर्नुपर्नेछ ।

ग)e-bidding बाट बोलपत्र पेशगर्दा पनि तोकिएको मिति र समयभित्रै बोलपत्रupload गरिसक्नुपर्नेछ रupload भएका बोलपत्रहरु पनि तोकिएकै मिति र समयमा खोलिनेछ।upload गरिएका कागजातहरुको सक्कलै प्रति बोलपत्र खोलेको ७ दिनभित्र बोलपत्रदाताले अनिवार्य पेश गर्नुपर्नेछ । साथै बोलपत्र खोल्ने दिन,समयमाe-bidding बाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सक्कल बैंक ग्यारेन्टी वा नगद जम्मा गरेको भए सक्कल भौचर अनिवार्य पेश गर्नुपर्नेछ ।

घ) एकै बोलपत्रदाताले e-bidding को माध्यम वा सिलबन्दी बोलपत्र मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन । यदि दुवै माध्यमको प्रयोग गरी बोलपत्र पशे गरेमा त्यस्तो दुवै बोलपत्र स्वतः रद्द हुनेछ ।